# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
## प्रधान कार्यालय, काठमाण्डौ
### निर्माण/मर्मत सम्बन्धी बोलपत्र आह्वानको सूचना
**प्रथम पटक प्रकाशित मितिः २०८१/०२/०३**

यस कम्पनीको प्रादेशिक कार्यालय, सुर्खेत, शाखा कार्यालय, विरगंज र ओखलढुंगामा निर्माण/मर्मत सम्बन्धी कार्य गर्नु पर्ने भएकोले PAN /VAT मा दर्ता भएका, ईच्छुक ईजाजत प्राप्त फर्म, संस्था वा कम्पनीबाट देहाय बमोजिमका शर्तहरुको अधिनमा रहने गरी विद्युतीय माध्यमबाट बोलपत्र आव्हान गरिएको छ।

१ विद्युतीय माध्यम www.bolpatra.gov.np/egp मार्फत वोलपत्र पेश गर्नुपर्नेछ। बोलपत्रदाताले मिति २०८१।०३।०२ गते दिनको १२:०० बजे सम्ममा वोलपत्र कागजातहरु खरिद/पेश गरी सक्नुपर्नेछ। बोलपत्रदाताले यस कम्पनीको नेपाल बैंक लिमिटेड धर्मपथ काठमाण्डौको चल्ती खाता नं. ००२००१००५०२४२४००००01 मा KHADHYA BYABASTHA TATHA BYAPAR COMPANY LIMITED को नाममा बोलपत्रको दस्तुर रु. ५,०००/- जम्मा गरी सोको भौचर Scanning गरी विद्युतीय बोलपत्र साथ पेश गर्नु पर्नेछ। पेश हुन आएका बोलपत्रहरु सोहि दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा प्रधान कार्यालय, काठमाण्डौ खरिद विभाग (खरिद एकाई)मा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नरहेमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन। बोलपत्र बुझाउने तथा खोल्ने पूर्वनिर्धारित समयमा E-GP site मा सो सम्बन्धमा कुनै फेरबदल भै सो को सूचना प्राप्त भएमा सोहि अनुसार हुनेछ।

२ बोलपत्रदाताले बोलपत्रसाथ धरौटी वापत तपशिलमा तोकिए बमोजिमको रकम यस कम्पनीको प्रधान कार्यालय काठमाण्डौको नेपाल बैंक लिमिटेड धर्मपथ काठमाण्डौको चल्ती खाता नं. ००२००१००५०२४२४००००01 मा KHADHYA BYABASTHA TATHA BYAPAR COMPANY LIMITED को नाममा जम्मा गरेको सक्कल बैंक भौचर बोलपत्रसाथ पेश गर्नु पर्नेछ।बोलपत्रदाताले विड बण्डको लागि धरौटी वापत बैंक जमानी राख्न चाहेमा बोलपत्र पेश गर्ने अन्तिम मितिले कम्तिमा १२० दिन अवधिको बैंक जमानी राख्नु पर्नेछ। बोलपत्र स्वीकृतिको सूचना प्रकाशित मितिले १५ दिन भित्र सम्झौता गर्न नआएमा बोलपत्र साथ पेश गरेको धरौटी/बैंक जमानत जफत हुनेछ।

**तपशिल**

| क्र.सं. | कामको विवरण/स्थान | Contract ID | धरौटी रकम रु. |
|---|---|---|---|
| १. | प्रादेशिक कार्यालय, सुर्खेत स्थित इत्राममा चौकिदार क्वार्टर निर्माण | FMTCL/NCB/Work/080-081-01 | ८४,५००/- |
| २. | शाखा कार्यालय, ओखलढुंगाको गोदाम मर्मत | FMTCL/NCB/Work/080-081-02 | ६५,०००/- |
| ३. | शाखा कार्यालय, विरगंजको गोदाम मर्मत | FMTCL/NCB/Work/080-081-03 | १,१०,०००/- |

३ बोलपत्रदाताले VAT/PAN दर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० को कर चुक्ताको प्रमाणपत्र, फर्म वा कम्पनी रजिष्ट्रेशनको प्रमाणपत्रको प्रतिलिपी, निर्माण इजाजतपत्र, घोषणापत्र र तोकिए बमोजिमको नगद धरौटी वा बैंक जमानत सहितका कागजातहरु बोलपत्रसाथ अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ।

४ निर्माण स्थल, बोलपत्र दस्तुर, धरौटी रकम तथा अन्य विस्तृत जानकारीको लागि PPMO को E-GP Site www.bolpatra.gov.np/egp, कम्पनीको वेबसाईट www.fmtc.org.np मा समेत सूचना हेर्न सकिने छ।अन्य कुरा बुझ्न परेमा कम्पनीको प्रधान कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

५ प्राप्त बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार कम्पनीमा सुरक्षित रहनेछ।

६ यो सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ र यस कम्पनीको खरिद तथा आर्थिक प्रशासन विनियमावली, २०७९ अनुसार हुनेछ।

७ बोलपत्रदाताहरुले बोलपत्रसाथ पेश गरेका सम्पूर्ण कागजातको सक्कल प्रति (Hard copy) यथासक्य छिटो कम्पनीको प्रधान कार्यालय, खरिद विभागमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।